# गुणात्मक मूल्याङ्कन भ्रमण, कपिलवस्तु (२०६९ भाद्र २३–२७)

साझा शिक्षा ई–पाटीद्वारा प्रति बच्चा एक ल्यापटप कार्यक्रम अन्तर्गत कपिलवस्तु जिल्लाका ३ विद्यालयहरूमा सञ्चालित ई–पाटी कक्षा शिक्षण कार्यक्रमको मिति २०६९ भाद्र २४, २५ र २६ गते स्थलगत मूल्याङ्कन भ्रमण सम्पन्न भएको छ। साझा शिक्षा ई–पाटीका **गणेश घिमिरे र निरज पौडेल**द्वारा भएको उक्त मूल्याङ्कन भ्रमणमा हरेक विद्यालयमा उपस्थित भएर सञ्चालित कार्यक्रमका बारेमा विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, अभिभावक, शिक्षक र विद्यार्थीहरूसँग छुट्टा छुट्टै अन्तर्वार्ता, सामूहिक छलफल र कक्षा अवलोकन आदि गरी यथार्थ सूचना सङ्कलन गर्ने काम भएको थियो। अवलोकन, छलफल र अन्तर्वार्ताका क्रममा विद्यालयको शैक्षिक गुणस्तर विकासमा ई–पाटी शिक्षण क्रियाकलापले महत्वपूर्ण भूमिका खेलेको पाइयो। प्रायः सबै विद्यालयमा ई–पाटी र ई–पाठ सामग्रीलाई पूर्ण शैक्षिक सामग्रीको रूपमा लिइएको छ। शिक्षक, विद्यार्थी र अभिभावकले यसलाई सकारात्मक, सिर्जनशील कार्यक्रमको रूपमा बुझेको पाइयो। केही प्राविधिक कठिनाइ र सीमित भौतिक अवस्थाका वावजुद पनि ल्यापटपहरूको सक्दो उपयोग गरिरहेका र यसबाट विद्यालय र सम्बन्धित समुदाय समेत लाभान्वित भएका छन्। यसका अलावा केहि विद्यालयका शिक्षकहरूमा ई–पाठ शिक्षणका साथै विद्यालयमा ई–पुस्तकालय लगायत अन्य अध्ययन सामग्रीहरूको पनि पहुँच छ र त्यसबाट विद्यालय र समुदायले समेत लाभ प्राप्त गर्न सक्ने तर्फ कम चासो दिएको पाइयो।

अवलोकनका क्रममा प्राप्त टिपोटहरू यस प्रकार छन्।

**दिन: १**
**मिति: २०६९ भदौ २४**
**विद्यालय: पञ्च नि.मा.वि; वैजलपूर**

**अभिभावक बैठक (अध्यक्ष सहित ८ जना उपस्थित)**

- *विद्यालयमा ई–पाटीको प्रयोग हुन थाले पछि विद्यार्थी भर्नाको संख्या बढेको छ। र विद्यार्थीहरू पढाइमा अगाडि छन्। यो विद्यालयको राम्रो रेकर्ड छ।*
- *परिवारमा पढेका बाबुआमा छन् भने बालबालिकालाई घरमा गाइड गर्न सजिलो हुन्छ तर बाबुआमाले नै पढेका छैनन् भने पढपढ मात्र भन्न सकिन्छ।* (भूमीराज कार्की –अध्यक्ष)
- यहाँ धैरै जसो गरिब परिवारका बालबालिकाहरू छन्। ल्यापटपले गर्दा पढ्न आउन प्रेरक भूमिका खेलेको छ।
- विद्यालय छुट्टी भए पछिको समयमा ५१–५२ गृहिणी महिलाहरूले एक महिनासम्म कम्प्युटर चलाउन सिकेको र ल्यापटप सम्बन्धी केही ज्ञान

भएकोले घरमा छोराछोरीहरूले चलाउँदा चासो दिएर हेर्ने गरेको। घरमा पनि ल्यापटप चलाएको बारेमा कुराहरू हुने गरेको।

- *धेरै सिक्न त त्यस्तै हो तर बडो मजा लाग्यो।* (एक महिला)
- *ई–पाटी चलाएर धेरै कुरा सिक्न पाइयो जस्तो लाग्छ। (एक महिला)*
- विद्यालयको सर्भरमा ई–पुस्तकालय पनि जडान छ र त्यसको प्रयोग गर्ने गरिएको बारेमा अभिभावकलाई थाहा छैन।
- अबको यो वर्षा समय सकिए पछि फेरी बेलुकी कक्षा सञ्चालन गर्ने कुरा छ, यो पटक ई–पुस्तकालयमा भएका सामग्रीहरू पनि अध्ययन गर्ने।
- विद्यार्थीले घरमा ल्यापटप लगेको दिनमा गृहकार्य सकेर ल्यापटप चलाउन थाल्छन्। *फोटो खिच्न हुँदैन, ई–पाटीमा पढ्न पर्छ भन्छन्।* (अभिभावक) दाई–दिदीले भाइबहिनीलाई सिकाउँछन्।
- *पढाइ राम्रो छ, धेरै सिक्न पाउँछन् भनेर हामीले बोर्डिङ स्कुल छाडेर यहाँ पठाएका छौं।* (अभिभावक)
- पानी पर्ने सिजन र अन्य सुरक्षाको कारणले हाल विद्यार्थीले ल्यापटप घरमा लैजाँदैनन्। ल्यापटप केही बिग्रेको र सबैलाई नपुग्ने भएकोले पनि हो।
- विद्यालयमा शिक्षकले पाठको आधारमा सिकाउँछन् भन्ने कुरा अभिभावकलाई थाहा छैन।
- अन्य विद्यालयबाट ५ कक्षा पास गरेर यहाँ ६ कक्षा पढ्न आउँछन् तर तिनले १ वर्ष मात्र पढ्न पाउँछन्। ७–८ कक्षाका विद्यार्थीले पनि चलाउने भए शिक्षक विद्यार्थी दुवै ले निरन्तरता पाउने थिए।
- विद्यालय व्यवस्थापन समितिले ई–पाटी सम्बन्धमा छलफल गर्न छुट्टै बैठक नराखेको तर प्र.अ.को राम्रो नेतृत्व क्षमता भएका कारण पनि राम्रो सँग व्यवस्थापन सम्भव भएको देखियो।
- *विद्यालयमा मूल मान्छे ठीक हुनु पर्छ सबै राम्रो सँग चल्छ।* (अभिभावक)
- ८ कक्षा सम्म पढाइ हुने यस विद्यालयमा दरबन्दी शिक्षकको सङ्ख्या कम भएकोले शिक्षकहरूलाई थप कक्षा भार परेको छ। विद्यालयले निजी स्रोतमा शिक्षकलाई तलब दिनु परेको छ। विद्यालयमा १० कक्षा सञ्चालन गर्ने अभिभावकको चाहना रहेको।

**कक्षा अवलोकन (१)**

**कक्षा ३ गणित, हप्ता ५, पाठ: सङ्ख्याको तुलना**

- शिक्षकले Black Board मा स्पष्टसँग पाठ–हप्ता लेखेर निर्देशन दिए।
- शिक्षकले कक्षामा घुम्दै पढाए र शिक्षकको निर्देशन सबै विद्यार्थीले पालन गरिरहेको पाइयो।
- शिक्षकले विद्यार्थीलाई राम्रोसँग बुझाएको र कालो पाटीको पनि राम्रोसँग प्रयोग गरेको पाइयो। कक्षामा अन्य शैक्षिक सामग्रीहरू पनि देखिन्थे।

- शिक्षकलाई अन्य कक्षाहरूमा भन्दा धेरै कराउनु परेको देखियो। हरेक विद्यार्थीको क्रियाकलाप पनि अवलोकन गर्नु परेको छ।
- विद्यार्थीलाई प्रोत्साहित गर्न कालो पाटीमा विद्यार्थीको नाम लेखेर बधाई दिन्थे।
- विद्यार्थीहरूको प्रतिक्रिया पनि सकारात्मक पाइयो। सबै विद्यार्थीहरू रमाएरै पढेको देखिन्थ्यो।
- अभ्यास क्रियाकलाप ३१ जना मध्ये २–३ जना बाहेक सबैले सबै मिलाएको देखियो।
- कक्षा अवधि भर प्राविधिक समस्या आइ परेको देखिएन।
- ई–पाटीको अभ्यास सके पछि कापी प्रयोग गरेर उस्तै गरी गर्न लगाइयो र गृहकार्यका लागि पुस्तकको पाठ र पेज नं. Blackboard मा दिइयो।
- कक्षा अन्त्यमा विद्यार्थीले ल्यापटप आफैं बन्द गरेर पालैपालो चार्जिङ र्‍याकमा राखे।

**कक्षा अवलोकन (२)**

**कक्षा–४, विषय: English**

- शिक्षकले Blackboard मा Lesson लेखे।
- विद्यार्थीहरूको प्रतिक्रिया कक्षामा राम्रो छ।
- शिक्षकले राम्रोसँग कक्षा नियन्त्रण गर्न सकेको देखिएन।
- शिक्षकले कक्षामा केही पनि नयाँ कुरा अनुभव गराएनन्।
- विद्यार्थीहरूलाई एउटा पनि प्रश्न सोधेनन्।
- बच्चाहरूलाई थाह छैन कि उनीहरू के गर्दैछन्। Exercise गर्दा विद्यार्थीलाई Question को meaning थाह नभएको पाइयो।

**शिक्षक अन्तर्वार्ता १:**

- हामीलाई सिक्न गाह्रो भयो तर विद्यार्थी छिटो छन्।
- ई–पाटीले गर्दा English विषय राखेका छौं।
- तालिम पायौ तर थप सामग्रीहरू बारे पनि वेलावेलामा सिकाउनु पर्‍यो।

**शिक्षक अन्तर्वार्ता २:**

- हामीले थप समय पनि XO पढायौं।
- ई–पाटीले गर्दा धेरै विद्यार्थी भए र अभिभावकलाई पनि सिकायौं।

**शिक्षक अन्तर्वर्ता ३:**

- कक्षा कोठामा XO को लागी (Rack) बनाउन गाह्रो भयो
- यो कार्यक्रम सफल छ हाम्रो स्कुलमा।

**शिक्षक सामुहिक छलफल**

- यहाँ ल्यापटपको प्रयोग राम्रोसँग गरिएको छ ।
- ई–पाटीमा ई–पाठमात्र पढाएका छौं ।
- यसबाट विद्यार्थीलाई व्यवहारिक रूपमा सिकाउन सजिलो भएको छ ।
- कक्षा २ का विद्यार्थीलाई सिकाउन अलि गाह्रो हुन्छ । उनीहरूलाई खोल्ने र बन्द गर्ने कुरा राम्रो सँग सिकाउनु पर्छ ।
- कक्षालाई समूहमा बाँडेर एउटा समूहमा एउटा ल्यापटप प्रयोग गरेर पढाउँदा कक्षा नियन्त्रण गर्न सजिलो भएको छ ।
- हामीले शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको रूपमा लिएका छौं ।
- हामीलाई कम्प्युटर र दिमाग सँग सँगै चलाउनु परेको छ । कतिपय समयमा विद्यार्थीहरू हामी भन्दा छिटो हुन्छन् ।
- बत्ती नियमित नहुँदा समस्या आएको छ । एक हप्ता देखि यही सर्भर अन हुन सकेको छैन ।
- शिक्षक–विद्यार्थी बीचको सकारात्मक अन्तरक्रिया हुने गरेको छ । कमजोर आर्थिक अवस्थाका भएका विद्यार्थीहरूले कहिले काहिँ घरायसी गुनासो पनि गर्ने गर्छन् ।
- वेला वेलामा आउने प्राविधिक समस्याहरू कहिले काहिँ साझा शिक्षाबाट प्राविधिकहरू आएर समाधान गर्ने गर्नु हुन्छ । ५ वटा कम्प्युटर अन नहुने समस्या अझै छ ।
- ल्यापटपहरू पुराना भएर हुन सक्छ Slow लोड हुने गर्दछन् ।

**विद्यार्थी छलफल:**

- विद्यार्थीहरूले सुरुमा ल्यापटप चलाएको अनुभव वताउन सकेनन् र उनीहरूलाई ल्यापटप देखाएरै प्रश्न गरियो ।
- सबै विद्यार्थीले ल्यापटप चलाउन सजिलो भएको र धेरै कुराहरू सिकेको बताए ।
- उनीहरूलाई मन पर्ने पाठहरूमा अङ्ग्रेजी र विज्ञानका सामग्रीहरू थिए ।
- विद्यार्थीहरूलाई ई–पुस्तकालयका वारेमा थाह नभएको पाइयो ।
- शिक्षकले ई–पाठ राम्रोसँग पढाएको जवाफ पायौं ।

**विद्यार्थी अन्तर्वार्ता १**

- यस अघि ई–पाटीमा English पढेको थिएँ ।

**विद्यार्थी अन्तर्वार्ता २**

- ई–पाटीमा फोटो खिच्न र खेल्न मिल्छ ।

विद्यार्थी अन्तर्वार्ता ३

- चलाउन सजिलो छ। शिक्षकहरूले बुझाएर पढाउनु हुन्छ।
- ल्यापटपबाट पढ्दा बुझ्न सजिलो हुन्छ।

प्र. अ. अन्तर्वार्ता

- यस विद्यालयमा म आएको धेरै भयो र पछि धेरै परिवर्तन भएको छ। अहिले भएका भवनहरू सबै पछि बनेका हुन्। विद्यालयमा शिक्षकहरूलाई नियमित र उत्तरदायी बनाउने काम गरेको छु। विद्यालयको आय व्यय देखि शिक्षकका दैनिक उपस्थिति सम्म पारदर्शी हुनु पर्छ, शिक्षकको क्रियाकलापका वारेमा विद्यार्थी र अभिभावकले पनि थाह पाउनु पर्छ भन्ने मेरो मान्यता छ।
- यस विद्यालयमा सुकुम्वासी, गरिब परिवारका बच्चाहरू र काम गर्दागर्दैका पृष्ठभूमिका बच्चाहरू यहाँ पढ्न आउँछन्।
- अन्य विद्यालयका शिक्षकहरू भन्दा हामीले धेरै खट्नु परेको छ। प्र. अ. को रूपमा मेरो यो ल्यापटप कार्यक्रमले २५ प्रतिशत भूमिका बढाएको अनुभव छ। विद्यालयको समय सकिए पछि ल्यापटपहरू सही ठाउँमा राखेनन् देखि सबै किसिमको रेखदेख गर्ने गर्छु। यी विद्यालयका सम्पत्ति हुन्।
- हामी शिक्षकहरू १०-४ सम्म मात्र होइन अतिरिक्त समय र शनिबार पनि खटेर विद्यालयको लागि काम गरेका छौं।
- किताबको पाठ बुझाउन ई-पाटीको मद्दतले सजिलो भएको छ। ल्यापटपले विद्यार्थीको पढाइ प्रति रूचि बढाएको छ। सिकाई सजिलो भएको छ।
- *शिक्षकहरूले कक्षामा कम्प्युटर खोलेर पढाउँदा आनन्द महसुस हुन्छ।*
- शिक्षक आफू पनि खोजकर्ता हो।
- समुदायमा यो कार्यक्रमको राम्रो सन्देश गएको छ। आमा समुदायले पनि केही समय यसको प्रयोग गरे। क्याम्पस पढ्नेहरू पनि चलाउन आए। विद्यार्थी भर्नामा पनि सङ्ख्या बढेको छ। यो विद्यालयको वरिपरी भएका बोर्डिङ स्कुलहरूसँग प्रतिस्पर्धा गर्नु परेको छ। यो वर्ष मात्रै बोर्डिङ स्कुल छाडेर १७ जना विद्यार्थीहरू यहाँ भर्ना हुन आएका छन्।
- नि:शुल्क र राम्रो रेखदेख अनि कम्प्युटरबाट पढाइ हुने हुँदा पनि यसको आकर्षण बढेको हो।
- शिक्षक सङ्ख्या कम भएका कारण पनि शिक्षकहरूलाई लोड परेको हो।
- कक्षा समय मिलाउन खासै समस्या परेको छैन।

दिन: २
मिति: २०६९ भदौ २५
**विद्यालय: नेपाल राष्ट्रिय नि.मा.वि,, चौरी**

अभिभावक वैठक

- नयाँ भवन निर्माण कार्यले गर्दा सामान यता उता छरिएका छन्। तारहरू मुसाले काटेका छन्। UPS बिग्रेको छ।
- शुरूको चरणमा ल्यापटपले गर्दा विद्यालयको एकदम राम्रो प्रभाव पर्‍यो।
- शिक्षकहरूले यो पढाउने केहि समयका लागि मात्र हो भनेर पछि पढाउन भ्याउन्नौ भन्न थाले। यसै विषयलाई लिएर हेडसरले नपढाउने शिक्षकको तलब ४–५ महिना सम्म रोक्का गरिदिनु भयो। तर पनि शिक्षकहरूले कम्प्युटर पढाउन मानेका छैनन्। शिक्षकलाई Lesson Plan बनाउन समय लाग्छ भन्छन्।
- यस विषयलाई लिएर विद्यालय सञ्चालक समितिमा पटक पटक छलफल भएको छ। विद्यालयले शिक्षकहरूका लागि थप खाजा खर्च सुविधा दिन्छु भन्दा पनि मानेका छैनन्।
- *शिक्षकहरूले ई–पाटीको अभ्यासमा चासो दिनुभएन।* (अध्यक्ष)
- *शिक्षकहरूले एक दुई दिन मात्र ई–पटी पढाउनु भयो। तालिम लिए, भत्ता लिए तर ई–पटी पढाउनु भएन।* (अभिभावक)
- शिक्षकहरूले प्राप्त गरेको तालिमका कारण उनीहरूको क्षमता विकास भएको छ। पढाउने शैलिमा केहि परिवर्तन आएको छ।
- विद्यार्थीलाई पहिले पहिले ल्यापटप घर लैजान दिइयो। हाल सङ्ख्या कम भएको र सुरक्षाको कारणले पनि दिइएको छैन। पालो पालो गर्नु पर्ने अवस्था छ।
- *मेरो नाति यसै विद्यालयमा पढ्छ। ल्यापटप चलाएर थप कुरा जानेको लाग्छ। अहिले स्कुल टप गरेको छ। ल्यापटपबाट केही सकेकै अनुभव गरेको छु।* (अभिभावक)
- पहिलो चरणमा ई–पटी राम्रो चलाइएको थियो, फोटो खिच्ने, सेभ गर्न जानेका थिए।
- ई–पाटी चलाउने बच्चाहरूको अधिकार हो तर चलाउन पाएनन्।
- यहाँ ई-पाटी धेरै नै हरायो।
- ई–पाटीको पाठ भन्दा बाहिरको पढाएको थाह छैन। ई–पुस्तकालयका बारेमा अहिले मात्र थाह पायौं।
- हामीले शिक्षकहरूलाई राम्रोसँग पढाउन भन्ने गरेका छौं।
- विद्यालयको रेखदेख र व्यवस्थापन राम्रो होस् भनेर १० जना अभिभावक पालो पालो गरि हरेक दिन विद्यालयमा बस्छौं।

**कक्षा अवलोकन (१)**

**कक्षा–४, विषय: गणित, पाठ: रेखाखण्ड र त्रिभुज**

- शिक्षकले Blackboard मा लेखेर र ल्यापटपमा देखाएर निर्देशन दिए ।
- विद्यार्थीहरूले ई–पाटी चलाउँदा कोही अघि कोही पछि हुँदै छन् । केहिले साथीहरूको हेरेर गर्दैछन् ।
- ल्यापटप चलाउन थाले पछि शिक्षकले बोलेको निर्देशनहरू सुन्दै सुन्दैनन् ।
- शिक्षकले नेपालीमा सोधेको प्रश्नमा विद्यार्थीहरूले अवधी भाषामा उत्तर दिए पनि सही जवाफ थियो ।
- शिक्षकले अवधी भाषामा प्रश्न स्पष्ट पार्नु पार्ने रहेछ ।
- कक्षामा भएका ल्यापटपहरूमा फरक फरक भर्सनका ई–पाठ भएका हुँदा, कतिपय विद्यार्थी र शिक्षकले समेत पाठका कुनै पेजहरू फेला पारेनन् । शिक्षकलाई सबै ल्यापटप अपडेट गरिएको–नगरिएको बारे थाहा थिएन ।
- शिक्षकले प्रयास गर्दै गर्दा पनि विद्यार्थीको सङ्ख्या धेरै भएकोले समस्या देखिन्छ । यहाँ ६२ जना विद्यार्थीहरू छन् ।
- ई–पाठ अभ्यास गराउँदा Sound Manage गर्ने कुनै तरिका अपनाइएन । कक्षा कोठामा होहल्ला धेरै हुने रहेछ ।

**कक्षा अवलोकन (२)**

**कक्षा–६, English**

- शिक्षकले कक्षामा ठिकै control गरेका छन् ।
- कक्षामा राम्रो व्यवस्थापन भएको छ, सबैले ई–पाटी खोलेका छन् ।
- शिक्षकले स्पष्ट निर्देशन दिइएका छन् तर सबै विद्यार्थीले राम्रो सँग बुझेका छैनन् ।
- विद्यार्थीलाई आफूले के गर्दै छु भन्ने थाह छैन ।
- कक्षामा विद्यार्थीहरूको राम्रो सक्रियता पाइयो, शिक्षक–विद्यार्थीको अन्तरक्रिया पनि हुने गरेको छ तर अङ्ग्रेजी शब्दको अर्थ नजानेर पनि पाठ अभ्यासमा अलमलि रहेका छन् ।

**शिक्षक अन्तर्वर्ता १: कृष्ण कुमार मिश्र**

- हामीलाई यहाँ पक्षपात गरिरहेका छन् । मैले नेपाली विषय पढाउँदा पढाउँदै अर्केलाई दिए । मलाई ई–पटी शिक्षण तालिममा पठाउन पनि चाहेका थिएनन् ।
- *यहाँ शिक्षकको मूल्याङ्कन छैन ।*
- हामीले लिएको तालिमले धेरै सहयोग गरेको छ । ई–पाटी खोल्न, कक्षा चलाउन हामी निपूर्ण छौं ।

- *ल्यापटप हरायो, मलाई समाएर थाना पठाए।  म शिक्षक हुँ नि।*
- ल्यापटपबाट पढाउँदा विद्यार्थीले सजिलै बुरुछन्।  उनीहरूको गुणस्तर बृद्धि भएको छ।

**शिक्षक अन्तर्वार्ता २: हरि मरासिनी**

- विद्यार्थीको संख्या धेरै छ त्यसैले ई–पाठ पढाउने कक्षा नियन्त्रण गर्न गाह्रो पर्ने गरेको छ।  एउटै कक्षामा ७० जना जति विद्यार्थी छन्। समयको पनि समस्या छ।
- ई–पाठमा सम्पूर्ण पाठ समेटिएको छैन। क्रियाकलापहरू पूरा भए राम्रो हुने थियो।
- ल्यापटपबाट पाढाएर विद्यार्थीमा खासै फरक छैन। विद्यार्थीको पदाइ Medium छ।
- शिक्षकहरूले ई–पाटीमा पढाउन कम चासो दिने गर्दछन्।
- दुई जना शिक्षकको कारण समस्या हुने गरेको छ।  मधेसी मूलका र राजनीतिका कारण।
- मुस्लिम विद्यार्थीहरूको सङ्ख्या धेरै छ।  र वच्चाहरू धार्मिक कारण देखाएर निहुँ खोज्ने गर्दछन्।  जस्तैः टाई लगाउन।

**शिक्षक अन्तर्वार्ता ३: लुमनाथ गौतम**

- म कक्षा २–३ मा अंग्रेजी पढाउँछु।
- ४५ मिनेटको कक्षामा पढाउन सकिँदैन।  ल्यापटपबाट पढाउँदा कक्षा तयारीमा समय लाग्छ, पाठ्योजना बनाएर पढाउँदा धेरै समय लाग्ने गरेको छ।
- मैले ई–पाठलाई पूर्ण शैक्षिक सामग्रीको रूपमा लिएको छु।
- तर यस विद्यालयमा जनशक्तिमा कमी छ।  थकान लाग्छ, लोड बढेको छ।  हाल ९ कक्षा थपिएको छ।
- शिक्षक तालिम पछाडि फेरी बोलाएर रिफ्रेसर भैदिए हुने हो।
- यहाँ अनुगमनको कमी भयो– अहिले सम्म विद्यालय निरिक्षक आएको थाहा छैन।
- वैजलपूरमा ल्याव मोडलमा पढाउने भन्ने बारेमा छलफल भएको थियो तर भवन को अभाव भयो।

**शिक्षक सामूहिक छलफल**

- ई–पाटीको निरीक्षणको लागी शिक्षा कार्यालयबाट वि.नि. आउनु भएको छैन।  कहिले काहि निरीक्षण गर्न आए देखि राम्रो हुने थियो।  यहाँ अनुगमनको खाँचो छ।

- ई–पाटीले गर्दा स्कुलको इज्जत भएको छ ।
- ई–पाटीको कार्यक्रम राम्रोसंग जान सकेको छैन, ल्याव सिस्टम भए राम्रो हुने हो तर कक्षा कोठा (lab) अभाव छ । वैजलपूरमा विद्यालयहरूको बैठक भएको थियो त्यहाँ ल्याब सिस्टममा पढाउने कुरा उठेको थियो ।
- विद्यार्थी सङ्ख्या धेरै भएकोले पनि कक्षा नियन्त्रण गरेर पढाउन सकिएको छैन । शिक्षक संख्या बढाउनु पर्‍यो ।
- ई–पाठको Sound manage गर्न असजिलो भयो ।
- विद्यालय व्यवस्थापन समितिले सुविधा बढाउने लोभ लालच आश्वासन दिए पनि पूरा गरेको छैन ।
- शैक्षिक सामग्रीहरू राम्रो छ तर विद्यार्थीको सङ्ख्या धेरै भएका करण समस्या छ ।
- यो वर्ष हाम्रो ध्यान ई–पाठमा अलि कम छ । कक्षा ९ थपिएको छ अनि शिक्षकहरू थपिएको छैन ।
- ई–पाटी कक्षामा सबैलाई पुगेको छैन, धेरै damage भयो ।
- फेरि एक पटक तालिम चाहियो, शिक्षकलाई ई–पटी पढाउन भार भयो ।
- ई–पाटीले गर्दा Overload भएको छ, यो शिक्षकहरूले महसुस गर्नु भएको छ ।

**विद्यार्थी छलफल:**

- *धेरै ई–पाटी चलाउन पाएको छैन ।*
- *सरले राम्रोसँग बुझाएर पढाउनुहुन्छ ।*
- हामीले ई–पुस्तकालयका बारेमा थाहा पाएको तर हालसम्म प्रयोग नगरेको । (कक्षा ६ का विद्यार्थी)
- ई–पाठले पढ्न सजिलो छ र छिटो बुझिन्छ ।
- विद्यार्थीहरू जिज्ञासु र सक्रिय पाइयो ।

**विद्यार्थी अन्तर्वार्ता १**

- एक वर्षमा एक चोटि मात्र चलाएको ।
- ल्यापटपमा फोटो खिच्न मिल्ने कुरा थाहा छ ।

**विद्यार्थी अन्तर्वार्ता २**

- ई–पुस्तकालय र अन्य सामग्रीहरूको बारेमा थाह नभएको तर वेला वेलामा ई–पाठको अध्ययन भने कक्षामा गर्ने गरेको ।

**विद्यार्थी अन्तर्वार्ता ३**

- ई–पाटी चलाउन सजिलो छ ।
- *मिसहरूले पढाएको बुझेका छौं ।* (कक्षा ५ का विद्यार्थी)

- विद्यार्थीहरू नजानेको कुरा मिसहरूलाई सोध्ने गर्दा रहेछन् ।

प्र. अ. अन्तर्वार्ता

- यहाँका नयाँ शिक्षक २ जना वाहेकका सबैले तालिम पाएका छन् । तालिमले शिक्षकको क्षमता बढाएको छ । पढाउने तरिका फेरिएको छ । फेरि तालिम भए राम्रो हुने थियो ।
- ई–पाटी चलाउन बच्चाहरू हामी भन्दा छिटो सिक्छन् । जिज्ञासु छन् । खेलको माध्यमबाट सिक्न पाएका छन् ।
- व्यवस्थापनका सम्बन्धमा धेरै कमी कमजोरी छ, प्राविधिक कमजोरी छ ।
- विद्यालयमा ई–पाटी आए पछि मेरो जिम्मेवारी बढेको छ ।
- विद्यालयको विद्यार्थी भर्ना दर बढेको छ । पढ्न छाड्नेको सङ्ख्या घटेको छ ।
- *बाबुहरू बम्बै सम्बै गए अनि पैसा कमाए पछि यो छाडेर बोर्डिङ् स्कुल जान्छन् । केही मदर्सामा पढेर आएका विद्यार्थीहरू ठूलठूला हुने हुँदा साना विद्यार्थीहरूसँग पढ्न अप्ठेरो मानेर पनि विद्यालय आउन छाड्छन् ।*
- यस अघि शिक्षकहरूको शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने तर्फ ध्यान थिएन । यो आए पछि यसको महत्व बुझिएको छ ।
- शिक्षक र विद्यार्थी बीचमा आत्मविश्वास र आत्मियता बढेको छ ।
- मलाई प्राविधिक विषयमा नआएको कुरा अरू सरलाई भन्छु ।
- कार्यक्रम राम्रो छ । नियमित अनुगमन, मूल्याङ्कन र पुरस्कार प्रोत्साहनका कुराहरू पनि हुनु पर्‍यो ।

दिन: ३

मिति: २०६९ भदौ २६

**विद्यालय: महेन्द्र प्रा.वि., तौलिहवा**

अभिभावक बैठक

- बच्चाहरूले ल्यापटप चलाएर पढ्ने गर्दा धेरै राम्रो भएको छ ।
- पढाइ राम्रो भएको छ ।
- ल्यापटप नचलाउनु र चलाउन थाले पछि धेरै फरक पाएका छौं ।
- घरमा पनि ल्यापटप चलाएको बारे कुराकानी हुन्छ ।
- ल्यापटपका चार्जरहरू बिग्रेर केही मात्र बाँकी रहेका र अन्य सुरक्षाका कारण पनि हाल विद्यार्थीलाई घरघरमा ल्यापटप लैजान दिइदैन ।
- ई–पाटी घरमा लैजान पाए हुन्थ्यो ।
- *मेरी छोरी अहिले ५ कक्षामा पढ्दै छ । ५ कक्षा पास भए पछि कम्प्युटर चलाउन पाउन्न भनेर मलाई घरमै कम्प्युटर किनेर ल्याइदेउ भनिरहेकी छ । (*तारा खातुन–अभिभावक*)*
- बालबालिकाहरूमा सरसफाइका बारेमा सचेत छन् ।
- हामीले पढ्न नजाने पनि बालबालिकाहरूले आफैं चलाएर देखाउँदा रमाइलो लाग्छ ।
- बच्चाहरूले हामीलाई पनि ई–पाटी चलाउन सिकाउँछन् ।
- शिक्षकहरूले ई–पाटी राम्रो सँग पढाउनु भएको छ ।
- बच्चाहरू ई–पाटीमा नयाँ कुरा सिक्न अगाडि छन् ।
- ई–पाटीको बारेमा बैठक बसेका छौं । छलफल हुन्छ ।
- *समाजमा यो कम्प्युटरबाट पढाउने कारण धेरै राम्रो प्रभाव परेको छ । विद्यार्थीहरूको सङ्ख्या बढेको छ । विद्यार्थीहरूले थप सजिलोसँग सिकेका छन् ।* –अध्यक्ष
- अभिभावक र शिक्षकहरूका बिच वेला वेलामा यस बारेमा छलफल हुने गरेको छ ।
- *कम्प्युटरहरू बिग्रन्छन् । मसलन्द बापत जि.शि.का.बाट केही थप सहयोग चाहियो ।* (पूर्व प्रअ)

कक्षा अवलोकन

**कक्षा–५, English**

- शिक्षिकाले Blackboard मा कक्षा, विषय, मिति लेखेर पढाउन सुरू ।
- विद्यार्थीहरू ध्यान दिएर सुनिरहेका छन् ।
- कक्षामा शिक्षकको र विद्यार्थीको माध्यम भाषा को समस्या छ ।
- ई–पाठ अनुसार पढाएको राम्रो छ ।

- शिक्षकले ई–पाठमा पाठ नभेटेर पाठ पढाउन गाह्रो पर्‍यो ।
- शिक्षकले कक्षामा प्रवेश गर्नु अघि ई–पाठ शिक्षणको तयारी नगरेको देखिन्थ्यो ।
- ई–पाटीमा पाठ खोज्न धेरै समय लाग्यो ।
- शिक्षकले ई–पाठ विवरणहरू हेर्ने गर्नु भएको रहेनछ । सो कारण पनि कुन कुन ई–पाठ छ/छैन थाह छैन ।
- विद्यार्थीलाई मिल्दोजुल्दो पाठ खोज्न लगाइयो र भेटाइयो पनि । त्यति समयसम्म समय धेरै गइसकेको थियो ।
- कक्षामा Sound manage गर्न कठिनाइ छ ।
- शिक्षकले निर्देशन दिए पनि बच्चालाई ई–पाठको अभ्यासमा के गरी रहेको थाहा छैन ।
- ई–पाटीले अलि समय लिने गरेको शिक्षकको गुनासो छ ।

**शिक्षक अन्तर्वार्ता १: अनिता थापा**

- शिक्षक कम भए पनि बच्चाहरू ई–पाटी चलाउँछन्
- ई–पाठले गदा किताबको पाठ बुझाउन सजिलो भएको छ

**शिक्षक अन्तर्वार्ता २:सुस्मा शर्मा**

- शिक्षकको भूमिका बढेको छ ।
- हामीले प्रष्ट पारेर किताबको पाठ पढाउन नसकेको अवस्थामा हामीलाई ई–पाठले सहयोग भएको छ ।

**शिक्षक अन्तर्वार्ता ३:गंगा तुलाधर**

- ई–पाठले गर्दा आफूले बुझ्न र बुझाउन सजिलो भएको छ ।
- ई–पुस्तकालयबाट पहिले पहिले पत्रिकाहरू हरेका थियौं । अचेल चलाएको थाहा छैन । सायद नभ्याएर होला ।

**शिक्षक सामूहिक छलफल**

- ई–पाटीलाई हामीले शैक्षिक सामग्रीको रूपमा लिएका छौं ।
- विद्यार्थीले किताबबाट मात्र भन्दा ल्यापटपबाट थप धेरै कुरा सिक्न सकेका छन् ।
- विद्यार्थीहरू २ कक्षाका लागि चलाउन सिकाउन गाह्रो हुन्छ तर पछि बानी बासेपछि सजिलो हुन्छ । भने अनुसार गर्छन् ।
- ई–पाटीले गर्दा विद्यार्थीको संख्या धेरै भयो ।
- ई–पाठले गर्दा विद्यार्थीले पढाइमा ध्यान दिएका छन् ।

- ई–पाटीले बच्चाहरू शिक्षकसँग नजिकिने गरेका छन्। यहाँ शिक्षक र विद्यार्थीको सम्बन्ध राम्रो छ।
- ई–पुस्तकालयको बारेमा थाह पाएको तर प्रयोग गर्ने नगरेको।
- *काठमाडौंबाट यहाँ आएको वेलामा सवै कम्प्युटर कक्षामा एक पटक घुमेर हेरी दिनु पर्‍यो। यसो गर्दा विद्यार्थीहरूमा पनि पढ्न रूची बढ्ने हुन्छ। सरहरू सफ्टवेरमा मात्रै हेरेर जानु भएन।* (शिक्षिका)
- हाल सर्भर बनाउन काठमाडौं पठाइएको कारण पनि ई–पुस्तकालय देखाउन गाह्रो भएको छ।

**विद्यार्थी छलफल:**

- विद्यालयमा नेपाली बाहेक अरू भाषा (अवधी) बोल्ने विद्यार्थीको सङ्ख्या धेरै छ।
- *पाठ बुझ्न सजिलो हुन्छ।*
- *English को पाठ राम्रो लाग्छ।*
- *ल्यापटपमा type गर्न र खेल्न पनि मिल्छ।*
- ल्यापटपबाट पढाइ भैरहेको र विद्यार्थीले पढेको कुरा याद गरेका पाइयो।
- विद्यार्थीहरू वेलावेलामा प्रश्न गर्ने, सोधखोज गर्ने गरेका छन्।
- विद्यार्थीहरू जिज्ञासु छन र आफै खोजेर हेर्ने वानी छ।
- *अरू धेरै ई–पाठहरू भए पनि हुने थियो। धेरै कुरा जान्न पाइन्थ्यो।* (विद्यार्थी)

**विद्यार्थी अन्तर्वार्ता १**

- जनावरहरू भएको पाठ मन पर्छ।

**विद्यार्थी अन्तर्वार्ता २**

- ई–पाटीमा OPT English को पाठ पढ्छौं।

**विद्यार्थी अन्तर्वार्ता ३**

- धेरै कुराहरू सिक्न पाएका छौ।
- ई–पाटी चलाउन सजिलो छ।

**प्र. अ. अन्तर्वार्ता**

- ई–पाटी आए पछि प्र.अ.को भूमिका थपिएको छ। व्यवस्थापन गर्न थप खट्नु परेको छ।
- ई–पाटी कक्षा शिक्षण तालिमले शिक्षकको क्षमता अभिबृद्धि गरेको छ।
- ई–पाटीको कक्षा समय ४५ मिनेट हुँदा पनि राम्रो सँग पढाउ सकिन्छ।

- सदरमुकामको विद्यालय, नजिकै बोर्डिङ स्कुलहरू छन् र पनि विद्यार्थी भर्ना दर बढेकै छ ।
- विज्ञान अध्ययनका सामग्रीहरू महत्वपूर्ण लागेको छ ।
- एक विद्यार्थी एक ल्यापटप थियो । अहिले पुगेको छैन । एकले अर्काको चलाइदिने समस्या छ । छुट्टै ल्याव कोठा बनाउनु पर्ने छ ।
- जिल्ला शिक्षा कार्यालय बाट ई–पाटी शिक्षाण हुने विद्यालयहरूका लागि थम मसलन्द खर्च निकासा चाहिन्छ ।
- शिक्षकहरूलाई तालिमले राम्रो गरेको छ । वार्षिक रूपमा भएपनि शिक्षकहरूका लागि थप तालिमको व्यवस्था भए राम्रो हुने थियो ।